जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः १०, अंकः २१८ पृष्ठः ४ | २०८० पुस ०५ गते विहीबार (Thursday 21 Dec. 2023) | मूल्य रु. ५।- | इमेल : marganugamidaily@gmail.com

## ट्युसन कक्षाले पढ्न उत्साहित हुँदैं दलित बालबालिका



लहान, ४ पुस। धनगढीमाई नगरपालिका-१ बाखरका अन्जनी कुमारी पासमानको घर छेउँकै विद्यालयमा कक्षा ४ मा नामांकन छ। जनता आधारभूत विद्यालय बाखरमा अध्ययनरत छात्रा रोल नम्बर २ की उनी कहिलेकाही मात्र विद्यालय टेक्थिन। विद्यालयमा नामांकन भएपनि उनी केही समय पहिले पढ्न र स्कुल जानुपर्छ भनेपछि झर्को मानेर आकलझुकलमात्र विद्यालय पुग्थिन्।

तर उनी अहिले बिहान सबैरै उठ्छिन, ७ बजेदेखि दुई घण्टा 'ट्युसन कक्षा' भ्याउँछिन, फेरि १० नबज्दै विद्यालय पुग्छिन्। एक वर्षदेखि उनको दिनचर्यासँगै अन्जनीमा आएको परिवर्तन देखेर उनका बुबा गोविन्द र आमा बुधनी दंग छन्। कक्षा ५ का रितिक कुमार पासमान पनि गाउँछेउँमै विद्यालय भएपनि आकलझुकलमात्र विद्यालय पुग्थे।

अन्जनी र रितिकमात्र होइन ५० घरधुरी दलित पासमान समुदायको बसोबास रहेको बाखरका ४५ बालबालिका विद्यालयमा नामांकन भएपनि कहिलेकाही मात्र विद्यालय टेक्थे। अभिभावक दिनभरी मजदुरी गर्न बाहिर जाँदा उनीहरु टोलमैं खेलेर दिन बिताउँथे। तर अहिले पासमान टोलका विद्यालय नजाने बालबालिका भेटिन्दैनन बस्तीमा।

दलित बस्तीका यी बालबालिकालाई रमाइलो मानेर स्कुल जाने र ट्युसन पढ्ने वातावरण भने दलित जनकल्याण युवा क्लबले बनाई दिएको हो। विविध समस्याका कारण विद्यालय जान र पढ्न खासै रुची नगर्ने दलित समुदायका बालबालिकालाई 'द फ्रिडम फण्ड'को आर्थिक सहयोगमा पठनपाठनदेखि आवश्यक शैक्षिक सामग्री सहयोग गर्न थालेपछि परिवर्तन देखिन थालेको क्लबका अध्यक्ष उमेशकुमार बिसुन्केले जानकारी दिए।

अभिभावक काममा जाँदा खाली समय खेलेर नै बिताउने गरेका दलित बालबालिकाले अब त्यो समयमा ट्युसन पढ्न थालेपछि विद्यालयमा पनि नियमित जान थालेको उनले बताए। बाखरमा सञ्चालित ट्युसन कक्षामा ३० बालबालिका पढ्छन्। सबै बालबालिका जनता आधारभुत विद्यालयमा बाखरमा पढ्छन्।

सुरु सुरुमा पासमान, मुसहर बालबालिकालाई विद्यालय पठाउन हम्मे हम्मे परेको उनले सुनाए। 'विद्यालयमा भर्ना गराएपनि पढ्न नियमित जादैनथियो,' उनले भने 'त्यसपछि उनीहरु पढ्नलाई आकर्षित होस भनेर निःशुल्क रुपमा ट्युसन कक्षा सञ्चालन गर्‍यौं।'

कमजोर आर्थिक अवस्थाका कारण आवश्यक शैक्षिक सामग्री र अतिरिक्त कक्षा ट्युसन पढ्न नपाउँदा विद्यालय जान रुची नगर्ने गुनासोपछि क्लबले हरवाचरवा, सुकुम्बासी, भूमिहिन दलित समुदायका बालबालिकालाई स्कूल पोशाक, स्टेशनरी र झोला वितरण गर्न थालेको अध्यक्ष बिसुन्केको भनाइ छ। 'विद्यालय बाहिर रहेका, नाम लेखाएर पनि स्कूल नजाने बालबालिकालाई आवश्यक शैक्षिक सामग्री र पठनपाठनमा सहयोग गरी विद्यालयमा पहुँच पुर्‍याउनु हाम्रो मुख्य उद्देश्य थियो', उनले भने,

-बाँकी दुई पेजमा

## न.पा.का प्रशासकीय अधिकृत सहित १८ जना विरुद्ध मुद्दा

सिरहा, ४ पुस। डिभिजन वन कार्यालय, लहानले अवैध ढुङ्गा, गिट्टी, तथा वालुवा उत्खन्न गरे/गराएको अरोपमा धनगढीमाई नगरपालिका प्रमुख प्रशासकीय अधिकृतसहित १८ जना विरुद्ध जिल्ला अदालत सिरहामा मुद्दा दायर गरेको छ। धनगढीमाई नगरपालिका १२ र १३ स्थित सर्रेखोला सामुदायिक वन क्षेत्र उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड विपरित उत्खनन् अनुमति दिएको भन्दै वन कार्यालयले प्रमुख प्रशासकीय अधिकृत ओम प्रकास महतोमाथि मुद्दा दायर गरेको हो।

सर्रेखोला सामुदायिक वन क्षेत्र भित्रबाट अवैधरुपमा उत्खनन तथा ओसारपोसारमा संलग्न रहेको अनटेस्ट जेसीवी एक थान र सात थान ट्याक्टरसहित चालक वन कार्यालयले गत मंसिर १५ गते नियन्त्रणमा लिएको थियो। वनले सवारीसाधनसहित पक्राउ परेका मंजित कुमार यादब, फुलकुमार यादब, संदिप कुमार यादब, राम कुमार यादब, अरविन्द किशोर यादब, ईन्द्रजित महतो, रमन किशोर यादब, पुरुषेत्तम यादब विरुद्दा दायर गरेको आज एक विज्ञप्ती मार्फत सार्वजनिक गरेको हो।

डिमिभजन वन कार्यालय लहानका सूचना अधिकारी राधेश्याम चौधरीद्वारा जारी विज्ञप्तीमा अनुसन्धानबाट खुलेका जेसीवीका. धनि वद्रि यादव,

-बाँकी तीन पेजमा

## सामुहिक बचतले फेरिदैं अहालेका मुसहर महिलाको जीवन स्तर

लहान, ४ पुस। गाउँघरमा जमिन पास(दृष्टिबन्धक) र कपाली कागज गेरर पनि ऋण पाउन मुसहर समुदायका गरिब मजदुरलाई धैरै कठिनाई हुन्छ। तर, गाउँमै समुह बनाएर धनगढीमाई नगरपालिका-१२ अहालेका महिलाहरु त्यस्तो झन्झटबाट छुट्कारा पाएका छन्।

उनीहरु समुहमै महिना/महिनामा पैसा जम्मा गर्छन। काम परेकोले त्यही समुहबाट बिना धितोको ऋण लिन्छ। काम सकाउँछ। कमाएर ऋण तिर्छन। 'समुह गठन भएदेखि हामीलाई छोराछोरीलाई पढाउन र विरामी परेको बेला उपचार गराउन सहज भएको छ,'दुर्गा महिला छलफल केन्द्रका अध्यक्ष भुटी सदायले भनिन,'आफु नपढेपनि छोराछोरीलाई विद्यालय पठाइरहेका छौँ। स-साना काम हामी समुहकै पैसाबाट काम चलाउने गर्छौ।'

एक्सन-एड नेपालको सहयोगमा दलित जनकल्यण युवा क्लब लहान-१० गुदिगाउँले स्थानीय अधिकार कार्यत्रम अन्तर्गत यहाँका महिलाहरुलाई समुह बनाएर तरकारी खेती, ब्राखा पालन, बचत र अधिकारका विषयमा सचेतना जगाइरहेका छन्। संस्थाले घुम्ती कोष स्थापनाका लागि २५ हजार नगद, ब्राखा पालनका लागि ब्राखा र आयआर्जनका लागि समुहमा सिटी रिक्सा, खानेपानीका लागि ट्यांकी सहयोग गरेका छन्।

पाँच हजार ऋण लिएर झबरी सदायले तरकारी खेती लगाएका छन्। २० हजार ऋण लिएर सिवर्ती सदायले गोरु किनेका छन्। 'महिनाको ५ गते १०० रुपैयाँ दरले

-बाँकी दुई पेजमा




**अपाङ्गताको आधारमा भेदभाव नगरौं**

अपाङ्गताको आधारमा कसैलाई पनि

- अपमान गर्ने,
- होच्याउने,
- दुर्व्यवहार गर्ने र
- सेवा सुविधाबाट अलग्याउने,
- जस्ता कार्य कानूनी तथा सामाजिक अपराध हुन्, त्यस्ता कार्य नगरौं, नगराऔं।
- अपाङ्गताको आधारमा गरिने विभेद विरुद्ध खुलेर बोलौं।
- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## युक्रेनमा बन्दी नेपाली फर्काऊ !

रुसी सेनामा भाडाका सिपाहीका रूपमा भर्ती गरिएका नेपालीमध्ये ४ जना अहिले युक्रेनको जेलमा छन् । प्रधानमन्त्रीले केही दिन पहिले दिएका जानकारीअनुसार अवैधरूपमा रुसी सेनामा करिब २ सय नेपाली भर्ती भएका छन् । रुसी सेनामा भर्ती हुनु नेपालको कानुनअनुसार गैरकानुनी काम हो । नेपाल सरकारले पनि रुसी सेनामा भर्ना नहुन नागरिकलाई सावधान गराइसकेको छ । तर, रुसी सेनामा अवैध भर्ती भने नरोकिएको सन्देह गरिएको छ ।

राज्यले निषेध गरेको थाहा पाउँदा पाउँदै पनि रुसी सेनामा भर्ती भएकाहरू अपराधी त हुन् तर नेपाली नागरिक पनि हुन् । यसैले तिनको पनि हितको रक्षा गर्ने दायित्वबाट भने राज्य पन्छिन मिल्दैन । त्यसमाथि युद्धबन्दी बनाइएका नागरिकको सुरक्षाप्रति थप संवेदनशील हुनुपर्ने दायित्व राज्यको हुन्छ । अतः युक्रेनमा बन्दी बनाइएका नेपाली युवालाई मुक्त गराएर नेपाल फर्काउने दायित्वलाई नेपाल सरकारले प्राथमिकता दिनुपर्छ । युक्रेन नेपाली बन्दीलाई ससर्त मुक्त गर्न तयार रहेको जानकारी नेपालका परराष्ट्रमन्त्रीले दिएका छन् । युक्रेन तयार भएको हो भने नेपाली सरकारले त्यसलाई सकारात्मकरूपमा लिएर सक्रिय हुनुपर्छ ।

युक्रेनका न्यायोचित सर्तहरू नेपालले सहानुभूतिपूर्वक स्वीकार पनि गर्नुपर्छ । पहिलो त युक्रेन शक्तिशाली छिमेकीको थिचोमिचोमा परेको सानो राष्ट्र भएकाले सहानुभूतिको पात्र हो । साथै, नेपाली नागरिकलाई मुक्त गर्न तयार भएर यसले सद्भाव देखाएको छ । रुसी सेनामा भर्ती भएर युक्रेनमा आक्रमण गर्न पुगेका नेपालीलाई कारबाही हुनुपर्ने युक्रेनको माग अनुचित पनि होइन । रुसी सेना वा अन्यत्र कतै नेपालीहरू राज्यको अनुमतिबेगर भाडाका सैनिक बन्न रोक्नैका लागि पनि कारबाही हुनु जरूरी देखिन्छ ।

यसैले युक्रेनमा बन्दी बनाइएका नेपालीलाई फिर्ता ल्याउन सरकारले सम्पूर्ण कूटनीतिक उपाय प्रयोग गरोस् । साथै, रुसमा अवैधरूपमा मानव तस्करी गर्ने गिरोह पक्रन पनि सरकारले सबै शक्ति लगाओस् । कम्तीमा राज्य भएको अनुभूति त होस् !

# रुसी सेनामा भर्ती भएका विमल सम्पर्कविहीन, उद्धारको याचना गर्दै परिवार

**विजयकुमार साह**



ढल्केवर, ४ पुस । रुसी सेनामा भर्ना भएका धनुषाको मिथिला नगरपालिका–७, केमलीपुरका २९ वर्षीय विमल जगमेर सम्पर्कविहीन भएपछि घरपरिवारका सदस्य चिन्तामा डुबेका छन् । उनीहरूले विमलको अवस्था पता लगाइदिन याचना गरेका छन् । भदौ २० गते दुबई हुँदै रुस पुगेका विमल असोज ११ गतेदेखि घरपरिवारसँग सम्पर्कविहीन हुन । रुस पुगेर रुसी सेनामा भर्ती भएका छोरा सम्पर्कविहीन भएपछि बुवा तिलकबहादुर जगमेर र आमा सहुमाया विश्वकर्मा आफूलाई सम्हाल्न सक्ने भएको छैन ।

बुबा तिलकबहादुरले असोज ११ गते अन्तिम पटक विमलसँग कुराकानी भएको बताए । उनले भने, "भिडियो कलमा भएको कुराकानीका क्रममा छोराले अब तीन महिनाका लागि तालिममा पठाउन लागेको र त्यस अवधिभरि कुराकानी हुन नसक्ने बताएका थिए । तालिममा मोबाइल फोन लान दिँदैन त्यसैले चिन्ता नलिन र सबैजना राम्रोसँग बस्न भनेका थिए । त्यसयता विमलसँग सम्पर्क हुन सकेको छैन ।"

"विमलको मेसेन्जरमा न त अनलाइन देखाउँछ न त उसको नम्बरमा फोन लाग्छ । छोरोले तीन महिना कुराकानी हुँदैन भनेकाले फोन नलाग्दा पनि हामी घरका सदस्यलाई खासै चिन्ता लागेको थिएन", बोल्दाबोल्दै भक्कानिएका विमलका बुवा तिलकबहादुरले भन्नुभयो, "विमलसँगै रुसी सेनामा गएका रामचन्द्र श्रेष्ठ भागेर गत सोमबार नेपाल फर्किनुभएको छ । उहाँले पनि विमलसँग दुई महिनादेखि सम्पर्क नभएको र तालम अवधि नसकिँदै युद्ध मैदान पठाएको बताएपछि हाम्रो सातो गएको छ ।"

**बंगुर फार्ममा घाटा लागेर ऋण लागेपछि विमलले जोखिम उठाए**

विमल २०७८ मङ्सिर २५ गते एक होटलमा होम डेलिभरीको काममा दुबई गएको थियो । गाउँमै सञ्चालन गरेको बंगुर पालन व्यवसायमा घाटा लागेर ऋण लागेपछि उनी दुबई गएको थियो । १० कक्षासम्म पढेको विमलले गाउँमै बंगुर फार्म खोलेका थिए । त्यसमा उहाँलाई घाटा लाग्यो । एकातिर बंगुर मर्ने अर्कोतर्फ भएका बंगुर समयमा नबिकेपछि उनलाई सात लाख रुपियाँ ऋण लाग्यो ।

स्वदेशमै केही गर्नुपर्छ भनेर बंगुर फार्म खोलेको विमलले यहाँ केही नहुने देखेपछि बिदेसिने मनसाय बनाएको थियो र थप चार लाख रुपियाँ ऋण काढेर दुबई उडे । दुबई पुगेको केही महिनापछि कोरोनाको समय परेर होटल खासै चलन । त्यहाँ पनि सोचेजस्तो कमाई नभएपछि उहाँ रुसी सेनामा जाने मन बनाएको बुवा तिलकबहारको भनाइ छ ।

रुसी सेनामा भर्ना हुने छोरोको निर्णयबाट परिवारका कोही पनि खुसी थिएन । रुस जानुपर्दैन, उता धेरै खतरा छ बरु घर फर्किन छोरोलाई आग्रह गरेको भन्दै उनले भने, "घरका सबैले सम्झायो । कसैले पनि रुस जान सल्लाह दिएन ।" विमलले रुस जाने अडानबाट पछि नहटेपछि लेबनानस्थित शान्ति सेनामा रहेको जेठो छोरोले डेढलाख रुपियाँ दिएको बुबा तिलकबहादुरले बताए ।

**विमलको खोजी गर्न कांग्रेस सहमहामन्त्री यादवको चासो**

सम्पर्कविहीन विमलको खोजीका लागि नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले चासो देखाएको छ । बुधबार केमलीपुरस्थित विमलको घरमै पुगेर सहमहामन्त्री यादवले घटनाक्रमबारे विस्तृत जानकारी लिएको हो । रुसी सेनामा भर्तीका विमल दुई महिनादेखि सम्पर्कविहीन भएको खबर प्राप्त भएपछि उहाँ विमलको खोजीका लागि पहलकदमी लिएको हो ।

उनले विमलको उद्धारका लागि आफू हदैसम्म प्रयास गर्ने विश्वास दिलाए । उनले विमलको घरबाटै परराष्ट्रमन्त्री एनपी साउदलाई फोन गरेर घटनाक्रम सुनाए । सहमहामन्त्री यादवले परराष्ट्रमन्त्री साउदलाई विमलको अवस्था यकिन गरी सकुशल उद्धारका लागि यथाशीघ्र पहल गर्न आग्रह गरे । उनले भने, जति छिटो हुन्छ विमललाई सकुशल घर फर्काउने पहल गर्नुपर्‍यो । उनको घरको अवस्था एकदमै बिग्रँदै गएको छ ।




# फलफूल राति खान मिल्छ ?

**डा. प्रकाश ज्ञवाली**
आयुर्वेदिक चिकित्सक

फलफूलमा फाइबर र एन्टीअक्सिडेन्ट भरपुर हुन्छ । फलफूल दैनिक खाँदा छाला आकर्षक हुने र रोगप्रतिरोधात्मक क्षमता बढाउन मद्दत पुग्छ । फलफूल खाने खास यही समय भन्ने त छैन, तर पनि बिहान वा दिउँसो खाने चलन छ । यसमा प्रश्न आउँछ के राति फलफूल खाँदा कुनै हानि गर्छ त ? यसमा धेरै हदसम्म सत्यता छ । शरीरलाई चिसो प्रदान गर्ने भएकाले सकेसम्म सुन्तला, केराजस्ता फलफूल राति नखाएकै राम्रो हुन्छ । आयुर्वेदमा फलफूल मात्रा नभई अन्य खानेकुरा पनि सूर्यास्तअघि नै खानुपर्छ भन्ने उल्लेख छ । दिनभरको कामले शरीरलाई थकाइ लागेजस्तै पाचन अंगहरुलाई पनि थकाइ लाग्छ । सूर्यास्तपछि फलफूल वा अन्य खानेकुरा खाँदा मुटु र कलेजोलाई धेरै भार पर्छ ।

**कहिले खाने ?**

सबै फलफूलको आ–आफ्नै गुण हुन्छ । तर फलफूल खाने उत्कृष्ट समय बिहान हो भने दिउँसो खाँदा पनि फाइदाजनक नै हुन्छ । जस्तै, अम्लीय वर्गको फलफूलमा प्रशस्त मात्रामा भिटामिन सी र एन्टीअक्सिडेन्ट हुन्छ । यस्ता फलफूल बिहान सेवन गरेमा शरीरको प्रतिरोधी क्षमता बढाउँछ । शरीरका विषाक्त तत्व निकाल्न सहयोग गर्छ ।

**कसरी खाने ?**

फलफूलमा स्वाद बढाउन नुन, कालो मिर्ची र चाट मसला मिसाएर खाने चलन छ । यसरी खाँदा रगतमा सोडियमको मात्रा बढेर उच्च रक्तचाप हुने जोखिम हुन्छ । फलफूलमा प्राकृतिक रुपमा नुन हुने भएकाले त्यत्तिकै खाँदा हुन्छ । फलफूलमा पाइने फाइबर नष्ट हुन नदिन सकेसम्म जुस बनाएर नखानु राम्रो हुन्छ ।

**कस्तो फलफूल खाने, कति खाने ?**

प्राकृतिक रुपमा उत्पादन भएको मौसमी फलफूल खानुपर्छ । कोल्ड स्टोरमा राखिएको वा प्रशोधित गरिएका फलफूल खानु त्यति स्वास्थ्यवर्द्धक मानिंदैन । जुनसुकै खानेकुरा भोक लागेमा मात्रै खानुपर्छ । फलफूल पनि भोक लागेको बेलामा मात्रा मिलाएर दिनको दुईपटकसम्म खान सकिन्छ । यसमा फाइबर भरपुर मात्रामा हुने भएकाले यसले मेटाबोलिजमलाई सक्रिय बनाउँछ, तर धेरै खानु भने हुँदैन । फलफूलमा प्राकृतिक चिनीको मात्रा प्रशस्त हुने भएकाले धेरै खाँदा रगतमा चिनीको मात्रा बढ्न सक्छ ।

**फलफूलसँगै अन्य खानेकुरा खाने कि नखाने ?**

आयुर्वेदमा फलफूलसँग अन्य खानेकुरा खान सकिने उल्लेख छ । बरु खानेकुरा खाने बेलामा पहिला सलाद र फलफूल खानुपर्छ । त्यसपछि अन्य कार्बोहाइड्रेट, प्रोटिन, चिल्लो पदार्थको सन्तुलन मिलाएर खानुपर्छ । यसरी खाँदा खाना पचाउन सहज हुन्छ । तर अन्य खानेकुरा सुरुमा खाने र अन्तिममा फलफूल वा सलाद खाँदा पेट फुल्ने, अपच जस्ता समस्या निम्त्याउन सक्छ ।

**धेरै फलफूल एकैचोटि खान मिल्छ ?**

छुट्टाछुट्टै फलफूल एकैचोटि खान मिल्छ । नेपालमा एउटै मौसममा पनि विभिन्न स्वादका फलफूल फल्छन् । जस्तै, जाडोयाममा सुन्तला, हलुवाबेद, नास्पाती, अंगुर, किबी, अनार, सुन्तला, भोगटे पाइन्छ । यसलाई सन्तुलन मिलाएर खाँदा उपयुक्त हुन्छ ।

***ट्युसन कक्षाले ...***

'सानो सहयोग गर्दा पनि अहिले विपन्न दलित बस्तीका बालबालिकामा पढ्न र नियमित विद्यालय जान केही सहयोग पुगेको छ ।'

बालबालिकाका अभिभावकले पनि ट्युसन पढ्न र विद्यालय जान आवश्यक सहयोग प्राप्त भएकाले आफूहरुलाई सहज भएको बताएका छन् । अन्जनीका बुबा गोविन्द पासमान भन्छन् 'दैनिक गुजाराको लागि ज्यालामजदुरी गर्नुपर्ने बाध्यताका कारण छोराछोरीको पठनपाठनमा लगानी गर्न समस्या हुने गरेको थियो, तर अहिले सहज भएको छ ।'

स्कूलमा खेलकुद सामग्रीको उपलब्धता, दिवा खाजा कार्यक्रम, छात्रवृत्तिमा पहुँच, विद्यालय पोशाक, झोला र स्टेशनरीको उपलब्धता तथा बस्तीमा गठन भएका हरवाचरवा महिला समूह र तीनको परिचालनले पनि दलित समुदायका बालबालिकालाई विद्यालय जान आकर्षित गरेको जनता आधारभूत विद्यालय बाखरका प्रधानाध्यापक विनोद साहले बताए ।

प्रधानाध्यापक साहले दलित समुदायका बालबाललिका सकेसम्म स्कूल नआउने र आए पनि बीचमै कक्षा छोड्ने समस्या रहेकामा अहिले धेरै सुधार भएको बताए । 'करिब ५० प्रतिशत दलित विद्यार्थी बीचमै कक्षा छोड्थे', उनि भन्छन, 'अहिले क्लबले सहयोग गरेका कारण नियमित विद्यालय आउने संख्या बढेको छ ।'

***सामुहिक...***

हामी बचत गर्छौं,'झबरी सदायले भनिन,'बाखा पालनबाट ३०/३५ हजार घैरपिच्छे आम्दानी गर्न सफल भएका छौं । समुहले पाएको सिटी रिक्साले गाउँका विरामीलाई पनि अस्पताल पुऱ्याउन सहयोग भएको छ ।' गाउँका मुसहर समुदायका कोही विरामी पर्दा निःशुल्क सिटी रिक्साबाट अस्पताल पुऱ्याउने गरेका छन् ।

यहाँका २२ घरका महिलाहरु समुहमा आबद्ध छन् । 'संस्थाको २५ हजार सहयोग र हामीहरुको बचतले ८९ हजार पुगेको छ,' सोही समुहकी सिवर्ती सदायले भनिन,'हामीलाई समस्या पर्दा समुहमै छलफल गर्छौं । ज्याला बढाउन आन्दोलन पनि गर्‍यौ । हाम्रो ज्याला पनि बढेको छ तर, महिला र पुरुषबीच ज्यालामा अहिले पनि पूर्ण रुपमा विभेद हट्न सकेको छैन ।' समुहमा आबद्ध भएदेखि बानी व्यवहारमा परिवर्तन आएको महसुस भएको उनले सुनाईन ।

# औरही गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
औरही, सिरहा
मधेश प्रदेश, नेपाल

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचाना

प्रकाशन मितिः २०८० पुष ०५ गते

यस औरही गाउँपालिका, औरही सिरहाबाट मिति. २०८० मंसिर १५ गतेको मार्गानुगामी राष्ट्रिय दैनिकपत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक दाखिला हुन आएका दरभाउपत्रहरु मध्ये सारभूतमा प्रभावग्रही भई स्वीकृतको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो दरभाउपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सुचना प्रकाशन गरिएको छ।

| सि.नं. | ठेक्का नं. | कार्यको विवरण | छनौट भएको फर्म | कबोल अंक रु. (मु.अ.करसहित) |
|---|---|---|---|---|
| १ | ARM-03-G-work-2080/2081 | supplying & delivery of 1.5-inch and 2-inch Hand pum Pipe with Required Accessories | श्री न्यू शिवम सप्लार्यस जनकपुर-१६ | १९,६१,८८६।२३ |


# ४ वटा रुख काट्न ९ महिना लाग्यो, 'फास्ट ट्र्याक' को काम कसरी चाँडै सकिन्छ ? : प्रधानसेनापति

काठमाडौं, ४ पुस। प्रधानसेनापति प्रभुराम शर्माले विद्यमान कानुन नसच्याएसम्म निर्धारित समयमा काठमाण्डौं–तराई/मधेस द्रुतमार्ग (फास्ट ट्र्याक) निर्माणको काम नसकिने बताएको छ। बुधवार प्रतिनिधि सभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा प्रधानसेनापति शर्माले कानुनी उल्झनका कारण द्रुतमार्ग निर्माणको काम अगाडि बढाउन नसकिएको बताएको हो। उनले कानुनी प्रक्रियाका कारण चार वटा रुख काट्न नौ महिनासम्म लाग्ने गरेको उदाहरण दिँदै यही कानुनी व्यवस्था रहिरहेमा २०८३ सालसम्ममा द्रुतमार्गको काम नसकिने स्पष्ट पारे।

उनले भने, 'नेपाली सेनाले फास्ट ट्र्याकको काम हामीलाई दिनुस् भनेर मागेको होइन। सरकारले दिएको हो। त्यसलाई सहर्ष स्वीकार गरेर काम गरिरहेका छौँ। तर फास्ट ट्र्याक बनाउन फास्ट ट्र्याकमा नियम पनि दिनुपर्थ्यो। चार वटा रुख काट्नलाई नौ महिना लागेको छ। ईआईए, एसईआईए गर्ने कसले बनाइदिएको नियम हो ? तपाईंहरूले बनाइदिएको नियम हो। फाइल वन मन्त्रालयमा लिएर गयो, १० जनालाई नमस्कार गर्‍यो, पख्नुस् छलफल भएको छैन भन्छ। गाउँमा कर्मचारी पुगेको छैन भन्छ। अनेकथरी प्रक्रिया पूरा गर्नुपर्छ। मैले प्रधानमन्त्री, रक्षा मन्त्रीलाई देखाएको रुख अहिलेसम्म काटेको छैन। वैशाखमा देखाएको रुख अहिलेसम्म काटेको छैन। खोई त फास्ट ट्र्याकमा नियम दिन सक्नुभएको ? काम फास्ट ट्र्याकमा गर्नुस् भन्ने अनि नियम, कानुन चाहिँ उही पुरानो छ।'

प्रधानसेनापति शर्माले नेपाली सेनाले द्रुतमार्गको काममा विद्यमान ऐन, कानुन र नियमको परिधिभित्र बसेर ठेक्का लगाएको पनि बताउनुभयो। उहाँले द्रुतमार्ग निर्माणको काममा अहिलेसम्म अनियमितता नभएको र आउँदा दिनमा पनि अनियमितता हुन नदिने प्रतिबद्धता जनाउनुभयो। उहाँले सेनाप्रतिको आशङ्का अन्त्य गर्नेगरी काम गर्ने र सेनाको कामलाई विवादित पार्न नदिने बताए।

# जहाजको शौचालयमा नवजात शिशु फेला

काठमाडौं, ४ पुस। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता सुवास झाका अनुसार यूएईबाट काठमाण्डौ आएको एअर अरेबियाको जहाजको शौचालयमा शिशु फेला परेको हो। यो जहाज यूएईको शारजाह विमानस्थलबाट बुधवार बिहान ९ बजेर १० मिनेटमा काठमाण्डौं विमानस्थलमा अवतरण गरेको थियो। 'जहाजको शौचालयमा शिशु भेटिएको थियो, वैदेशिक रोजगारीबाट फर्किएकी एक महिलाको शिशु भएको आशंकामा ती महिला र शिशुलाई प्रहरीले अस्पताल लगेको छ', प्रवक्ता झाले भने।

# डलर साटिदिने बहानामा लुटपाट

काठमाडौं, ४ पुस। काठमाण्डौ उपत्यकामा डलर साटिदिने बहानामा लुटपाटका घटना हुन थालेको पाइएको छ। काठमाण्डौं जिल्ला प्रहरी परिसरका अनुसार यसरी लुटपाटमा गिरोहको समूह नै परिचालन हुने गरेको पाइएको हो। उनीहरूले विभिन्न ठाउँबाट अमेरिकन डलर साट्ने भनी प्रलोभनमा पारेर डलर देखाई पैसा लुटपाट गर्ने गरेको पाइएको परिसरका प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले जानकारी दिए। उनका अनुसार यसरी डलर साट्ने नाममा लुटपाटका घटना भएको प्रहरीमा जानकारी आएपछि केही दिनअघिदेखि टोली परिचालन गरिएको पनि उनले बताए।

यस्ता गिरोह सक्रिय रहेको छ भन्ने जानकारी आएकाले प्रहरी परिसर र काठमाण्डौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट संयुक्तरूपमा खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा मंगलवारसम्म आठ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा धादिङ घर भई काठमाण्डौको सामाखुसी बस्ने वर्ष ३४ का खड्कबहादुर तामाङ, मोरङ घर भई सामाखुसी नै बस्ने वर्ष ३६ का अशोक लिम्बू, सिन्धुपाल्चोकका रामबहादुर लामा, भक्तपुरको दुवाकोट बस्ने वर्ष ३६ का सुब्बा तामाङ, काठमाण्डौको तारकेश्वर बस्ने वर्ष ४५ का चन्द्रबहादुर तामाङ, सिन्धुपाल्चोककै रेलबहादुर तामाङ, देवराज तामाङ र मञ्जु भन्ने कृष्णकुमारी तामाङ रहेका छन्।

उनीहरूको साथबाट ५० को १६ थान सक्कली अमेरिकन डलर, दुई वटा राहदानी, तिलहरी र एउटा स्कुटर बरामद गरी थप अनुसन्धान थालिएको छ। उनीहरूमार्फत यसरी लुटपाटमा संलग्न अन्य व्यक्तिको खोजी पनि जारी रहेको प्रहरीले जनाएको छ।

# भारतमा भेटियो कोरोनाको नयाँ भेरियन्ट

काठमाडौं, ४ पुस। भारतमा कोरोना भाइरसको नयाँ भेरिएन्ट जेएन १ भेटिएको छ। विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) ने मंगलवार कोभिड१९ को नयाँ भेरिएन्ट जेएन १ (भेरिएन्ट अफ इन्टरेस्ट) पुष्टि भएको जनाएको छ। समाचार एजेन्सी रोएटर्सका अनुसार कोभिड १९ का अन्य 'उपप्रजाति' तुलनामा यसले मानव शरीरको रोगप्रतिरोधी क्षमतालाई सजिलै जित्न सक्छ। तर, यसबाट स्वास्थ्यमा गम्भीर खतरा भने धेरै नरहेको बताइएको छ।

जोन हप्किन्स ब्लुमबर्ग स्कुल अफ पब्लिक हेल्थका एक भाइरोलोजिस्ट एन्ड्र्यु पेकोजले संक्रमण धेरै फैलिए पनि स्वास्थ्यमा गम्भीर खतरा कम रहेको बताए। डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन सेन्टर अमेरिकाका अनुसार यो अमेरिका सबभेरिएन्ट बीए २.८६ को वंशज हो। विश्व स्वास्थ्य संगठनको अनुसार नयाँ भेरिएन्टको संक्रमण ज्वरो, नाक बग्ने, घाँटी दुख्ने, टाउको दुख्ने, र पेट दुख्ने र पखाला जस्ता लक्षण देखिन्छन्। कोरोना भाइरसले स्वरुपमा निरन्तर परिवर्तन भइरहेको र फैलनका लागि सहज वातावरण बनाउँदै गएकाले नेपालमा सर्तक हुनुपर्ने जनस्वास्थ्य विज्ञ बताउँछन्।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. रञ्जन भट्ट अहिलेसम्म पुरानै ओमिक्रोन भेरियन्ट पत्ता लगाएको छ। तर, भारतमा पनि नयाँ भेरियन्ट पुष्टि हुनुले नेपालमा पनि जोखिम थपिएको भन्दै अनुवांशिक (जीन सिक्वेन्सिङ) भइरहेको उनले बताए। उनका अनुसार नोभेम्बरमा रिपोर्ट गरिएका पोजिटिभ केसका जिन सिक्वेन्सिङको रिपोर्ट भोलि (बिहीबार) आउनेछ।

*न.पा.का प्रशासकीय ...*

ट्र्याक्टर धनिहरु अजित पासवान, रधुनाथ कुमार महतो, विमल अधिकारी, सरोज कुमार यादव, राकेश यादव, हरी नेपालीमुद्दा दायर गरेको उल्लेख गरेको छ। त्यसैगरी, धनगढीमाई नगरपालिका प्रमुख प्रशाशकिय अधिकृत ओम प्रकाश महतो, प्रशासन शाखा सहायक रंजित कुमार सिंह र वरुण कन्सट्रक्नका संचालक निलम कुमारी यादवमाथि समेत मुद्दा दर्ता गराएको छ।

उनीहरुले वन नियमावली, २०७९ को नियम ३०(५) र वातावरण संरक्षण ऐन, २०७६ को दफा ३(ख) वमोजिम तथा ढुङ्गा, गिट्टि, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ४(ख) र ६(३) वमोजिमको प्रकृया पुरा नगरी अबैध ढुङ्गा, गिट्टि तथा वालुवाको उत्खनन् गर्ने गराउने कार्यमा संलगन रहेको अनुसन्धानबाट खुलेको विज्ञप्तीमा उल्लेख गरीएको छ।

प्रतिवदीहरुले एक लाख ५७ हजार आठ सय १५ रुपैयाँ बराबरको हानिनोक्सानी गरेको विगो सहित वन ऐन, २०७६ को दफा ४९(झ) वमोजिम कसुरमा सोही ऐनको दफा ५०(६)(ड.) वमोजिम सजाय हुन र बोझबाहकको हकमा सोही ऐनको दफा ६८(१) वमोजिम जफत हुने उल्लेख गरिएको छ। विज्ञप्तीमा लेखिएको छ, 'फरार प्रतिवादीको हकमा अदालतबाटै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७ वमोजिम हुने समेतको मागदाबी लिई डिभिजन वन कार्यालय, लहान, सिराहावाट समानित सिराहा जिल्ला अदालत सिराहामा मुद्दा दायर गरिएको छ।'

# के शरीरको कुनै अंग उमेर भन्दा चाँडै बुढो हुन्छ ?

काठमाडौं, ४ पुस। शरीरमा हुने रोग वा कमजोरीका बारेमा थाहा पाउन हामीले धेरै पटक रगत परीक्षण गराएका छौं, तर के त्यस्तो कुनै परीक्षण छ, जसले शरीरको कुन अंग चाँडो बुढो हुँदैछ भनेर पत्ता लगाउन सक्छ ? रगत परीक्षण गरेर मात्रै मानिसको शरीरका भित्री अंगहरु कति छिटो बुढो हुँदै गएको थाहा पाउन सकिने वैज्ञानिकहरुको दाबी छ। शरीरको कुन अंग बिग्रने सम्भावना छ भन्ने पनि पत्ता लगाउन सकिने उनीहरुको भनाइ छ।

स्ट्यानफोर्ड विश्वविद्यालयको टोलीले मानव शरीरका मुटु, मस्तिष्क र फोक्सोलगायतका ११ अत्यावश्यक अंगको परीक्षण गरेर यस्तो तथ्य पत्ता लगाएको दाबी गरेका हुन्। उनीहरुले अनुसन्धानमा संलग्न गरएका व्यक्तिहरू मध्यम उमेरका वा वृद्ध व्यक्तिहरू थिए। यस अनुसन्धानको नतिजाले ५० वर्षभन्दा माथिका प्रत्येक पाँच जनामा रुरुकम्तीमा एउटा अंग आफ्नो उमेरभन्दा छिटो बुढो हुने गरेको देखाएको छ।

वैज्ञानिकहरूका अनुसार १०० जना मध्ये कम्तिमा एक वा दुई जनाको शरीरका धेरै अंगहरू उनीहरूको उमेर भन्दा बुढो हुन सक्छन्।

**शरीरका अंगहरूको उमेरमा भिन्नता**

'शरीरको कुन अंग चाँडो बिग्रँदै गएको छ भनेर थाहा पाउँदा भविष्यमा स्वास्थ्यमा गिरावट आउने अनुमान गर्न सकिन्छ,' अनुसन्धानकर्ताहरूले नेचर जर्नलमा भनेका छन्। उदाहरणका लागि मुटु चाँडै बुढो हुँदा हृदयघातको जोखिम बढाउँछ, जबकि मस्तिष्कले डिमेन्सियाको जोखिम बढाउँछ। शरीरको कुनै अंग तीव्र रूपमा बुढो भएमा १५ वर्षमा निश्चित रोग र मृत्युको जोखिम हुने पनि अनुसन्धानले देखाएको छ।

**कसरी भयो अध्ययन ?**

हाम्रो शरीर विभिन्न अंगहरुको समूह मिलेर बनेको हुन्छ। कोशिकाहरू शरीरको विकास र राम्रो कार्यका लागि आवश्यक छन्। यी कोशिकाहरू प्रोटिनबाट बनेका हुन्छन् र यो प्रोटिन एमिनो एसिडबाट बनेको हुन्छ। वास्तवमा, कुनै पनि अंगको उमेर पत्ता लगाउन रगत परीक्षण गर्दा शरीरमा उपस्थित हजारौं प्रोटिनको स्तर नापिन्छ, जसले शरीरको कुन अंग कुन गतिमा बुढो हुँदैछ भनेर थाहा पाउन मद्दत गर्छ। अनुसन्धानकर्ताहरूले आफ्नो नतिजा आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग गरेर, धेरै रगत परीक्षणको नतिजा र अन्य बिरामी डेटा प्रयोग गरेर निकालेका थिए। अनुसन्धानकर्ताहरूमध्ये एक डा. टोनी वाइस–कोरले भनेका छन्, 'जब हामीले ठूलो संख्यामा गम्भीर रोग नभएका मानिसहरूको शरीरका अंगहरू र तिनीहरूको जैविक उमेरको तुलना गर्‍यौं, हामीले पत्ता लगायौं कि १८.४ प्रतिशत मानिसको ५० वर्षभन्दा माथिको उमेरमा कम्तिमा एउटा अंग उनीहरूको उमेरभन्दा बुढो भइसकेको थियो रचाँडै बुढो हुँदै गइरहेको थियो।' अध्ययनबाट अर्को १५ वर्षमा ती व्यक्तिको शरीरको त्यो अंगमा रोगको जोखिम बढेको पनि पत्ता लागेको उनले बताए।

# जसपा र जनमतको द्वन्द्वले मधेश खेलकुद मन्त्रालयको बिजोग

जनकपुरधाम, ४ पुस। मधेश भवन परिसरमा जस्तापाताले छाएको एउटा भवनमा राखिएको छ मधेशको खेलकुद तथा समाज कल्याण मन्त्रालय। कर्मचारीको आवासको लागि बनाइएको त्यस भवनमा दुईमहिना अघि मन्त्रालय राखिएपछि सचिव चुडामणि फुँयाल, एक उपसचिव, एक नायब सुब्बा र सहायक कम्प्युटर अपरेटर दैनिक आउजाउ गरिरहेका छन्। मन्त्री सुरिताकुमारी साह पनि कहिलेकाहीँ भने मन्त्रालय पुग्छिन्।

मन्त्रालयमा काम नभएर मन्त्री सुरिता साह दुई दिनदेखि तीर्थ यात्रामा भारतको बाबाधाममा छिन्। 'मन्त्रीजी तीर्थ यात्रामा बाबाधाम जानुभएको छ। भोलिसम्म आइपुग्नुहुन्छ', मंगलबार साँझ अनलाइनखबरसंग मन्त्री साहका स्वकीय सचिव लक्ष्मी नायकले भने। कर्मचारीहरु पनि मन्त्रालयमा काम नभएको बताउँछन्। 'मन्त्रालयको मुख्य दुई शाखा नै यहाँ आएकै छैन। नत दरबन्दी अनुसार कर्मचारी छन्। हामी चारजना आएर सामाजिक विकास इकाइको निर्देशिका बनाइरहेका छौं', सचिव फुयालले भने। मन्त्रालयको मुख्य दुई शाखा खेलकुद र महिला, बालबालिका तथा समाज कल्याण महाशाखा अझैसम्म शिक्षा तथा संस्कृति मन्त्रालय मातहत नै छ। शिक्षा तथा संस्कृति मन्त्री जनमतका संसदीय दलका नेता महेशप्रसाद यादव छन्।

खेलकुद तथा समाज कल्याण मन्त्रालय गत असोज तेस्रो साता शिक्षा तथा समाज कल्याण मन्त्रालय विभाजन गरेर बनाइएको थियो। त्यतिबेला बिना विभागीय मन्त्री रहेकी जसपाकी सुरिता साहलाई व्यवस्थापन गर्न मुख्यमन्त्री सरोजकुमार यादवले मन्त्रालय विभाजन गरेका थिए। १९ असोजमै सातौंपटक मन्त्रिपरिषद विस्तार गर्दा मुख्यमन्त्री यादवले जनमतका महेशप्रसाद यादवलाई शिक्षा तथा संस्कृति र सुरितालाई खेलकुद तथा समाज कल्याण मन्त्रालयको जिम्मेवारी दिएका थिए। मन्त्रालय फुटाइए पनि अधिकार क्षेत्र टुंगो नलाग्दा कुनै पनि काम हुन सकेको छैन। मन्त्रालयमा व्यवस्थापन गरेको कार्पेट, कुर्सी टेबुल, फर्निचर, पर्दा लगायतको सामान उधारो नै ल्याइएको सचिव फुयाल बताउँछन्। मन्त्रालयको आफ्नै खाता सञ्चालन भएको छैन र बजेट चलाउने पीएलएमबीएस कोड पनि प्रदेश कोष तथा लेखा नियन्त्रकबाट नपाएको सचिव फुयाल सुनाउँछन्।

हाल शिक्षा तथा संस्कृति मन्त्रालयमा रहेको खेलकुद तथा समाज कल्याण शाखाका कर्मचारी पनि आफू कुन मन्त्रालय मातहत हो भन्ने अन्योलमा छन्। 'दुबै शाखाको कुनै काम अहिलेसम्म भएको छैन। हामी यो दुई शाखाको कर्मचारी पनि अन्योलमा छौं। दातृ निकायबाट हुने काम पनि प्रभावित भएको छ', शाखाका एक कर्मचारी गुनासो गर्छन् 'चालु आर्थिक वर्षको ६ महिना पुग्न लाग्यो। यस्तै अन्योलमा रह्यो भने खेलकुद मन्त्रालयको धेरै कार्यक्रम नै गर्न नसकेर बजेट नै फ्रिज हुन सक्छ।' यी दुई मन्त्रालयबीच अधिकार क्षेत्रको विवाद हुनुको मुख्य कारण मन्त्रीका दलहरु जसपा र जनमतबीचको द्वन्द्व हो। राजनीतिक द्वन्द्वले नै यस्तो परिस्थिति आएको कर्मचारीहरुको गुनासो छ। यसमा मुख्य दोष मुख्यमन्त्रीको रहेको कर्मचारीहरु बताउँछन्।

'यो सबै दोषी मुख्यमन्त्री नै हुनुहुन्छ। जति बेला मन लाग्यो मन्त्रालय फुटाउने तर समयमै व्यवस्थापन नगरिदिने। मन्त्रालयको विवाद मिलाउनेतिर मुख्यमन्त्रीजीको ध्यानै छैन', एक कर्मचारी आक्रोश पोख्छन्। शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव लक्ष्मीप्रसाद भट्टराई मन्त्रालय विभाजन र कार्यक्षेत्र विवाद राजनीतिक मुद्दा भएको बताउँछन्। भट्टराई गत वर्ष मधेशको सामाजिक विकास मन्त्रालयको सचिव थिए। एक वर्षभित्र सामाजिक विकास मन्त्रालय टुक्र्याएर शिक्षा तथा समाज कल्याण मन्त्रालय र खेलकुद, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय बनाउँदा भट्टराई शिक्षा मन्त्रालयको सचिव हुन पुगेका छन्।

गत वर्ष मंसिरको प्रदेशसभा निर्वाचनमा स्वतन्त्र हैसियतमा जितेर जसपा प्रवेश गरेकी सुरितालाई मुख्यमन्त्री सरोज यादवले सामाजिक विकास मन्त्री बनाएका थिए। त्यसबेला मन्त्रालय फुटाएर शिक्षा तथा समाज कल्याण बनाउँदा जनमतको भागमा परेको त्यस मन्त्रालयलाई सुरिताले महत्वपूर्ण शाखाहरु दिन चाहेकी थिइनन्। अहिले परिस्थिति फेरिएको छ, सुरिताको भागमा परेको खेलकुद मन्त्रालयलाई शिक्षा तथा संकृति मन्त्री जनमतका महेशप्रसाद यादवले शाखा दिनुपर्ने स्थिति आइपरेको छ।

शिक्षा तथा संस्कृतिमन्त्री यादव भने खेलकुद मन्त्रालयले प्रक्रिया पूरा गरेर शाखा आफू मातहत लान सक्ने बताउँछन्। 'टिप्पणी उठाएर सम्बन्धित मन्त्रालयबाट पत्र आउनुपर्‍यो नि, हाम्रो यो यो कुरा छ पठाइदिनुपर्‍यो भनेर। तर अहिलेसम्म आएको छैन', मन्त्री यादव भन्छन्।

मन्त्रालय विभाजन हुँदा कुन कुन शाखा कता रहने भनेर मुख्यमन्त्रीले अहिलेसम्म निर्णय नदिएको उनको भनाइ छ। 'मलाई त अहिलेसम्म थाहा छैन कि मेरो नेतृत्वको मन्त्रालय फुट्यो। किनभने क्याबिनेटमा कहिल्यै यो विषयमा छलफल वा निर्णय नै भएन। मुख्यमन्त्रीजीले जालझेल गरेर फुटाउनुभयो', मन्त्री यादवले भने।

# चालु आर्थिक वर्षमा १ खर्ब ३१ अर्ब ऋण थपियो

काठमाडौँ, ४ पुस। सरकारले चालु आर्थिक वर्षको पाँच महिनामा सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानमा ९१ अर्ब रुपैयाँ खर्च गरेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको रिपोर्ट अनुसार सरकारले मंसिर मसान्तसम्म आन्तरिक तथा बाह्य गरी कूल ९१ अर्ब ७६ करोड २३ लाख रुपैयाँ साँवा र ब्याज भुक्तान गरेको हो। आन्तरिकतर्फ कूल ७० अर्ब ५६ करोड ३९ लाख रुपैयाँ भुक्तान गरेकोमा ऋणको सावाँतर्फ ४२ अर्ब ८४ करोड १६ लाख रुपैयाँ भुक्तान गरिएको र बाँकी ब्याजमा २७ अर्ब ७२ करोड २३ लाख रुपैयाँ भुक्तान गरिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ।

यसैगरी, बाह्य ऋणतर्फ समीक्षा अवधिमा कूल २१ अर्ब १९ करोड८४ लाख रुपैयाँ भुक्तान गरिएकोमा सावाँतर्फ १६ अर्ब ५३ करोड १६ लाख रुपैयाँ घटाइएको र ब्याज ४ अर्ब ६६ करोड ६८ लाख रुपैयाँ भुक्तान गरिएको कार्यालयले जनाएको छ।

**२३ खर्ब ७१ अर्ब भुक्तान बाँकी**

प्राप्त रिपोर्ट अनुसार मंसिर मसान्तसम्ममा भुक्तान गर्न बाँकी सार्वजनिक ऋणको आकार २३ खर्ब ७१ अर्ब २५ करोड ९५ लाख रुपैयाँ कायम भएको छ। जसमध्ये आन्तरिकतर्फ ११ खर्ब ९७ अर्ब ५७ करोड २२ लाख रुपैयाँ रहेको छ भने बाह्यतर्फ ११ खर्ब ७३ अर्ब ६८ करोड ७३ लाख रुपैयाँ भुक्तान बाँकी रहेको छ। आन्तरिक र बाह्य ऋणको अनुपात ५०.५० : ४९.५० प्रतिशत रहेको छ। यसको मतलब मुलुकको सार्वजनिक ऋणको स्थिति आन्तरिक र बाह्य करिब बराबर (५०/५०) रहेको छ।

**चालु आर्थिक वर्षमा कति बढ्यो ऋण ?**

आर्थिक वर्ष सुरु भए लगत्तै आन्तरिक ऋणमा केन्द्रित भएको सरकारले पाँच महिनामा आन्तरिक र बाह्य गरी कूल १ खर्ब ३१ अर्ब २८ करोड २ लाख रुपैयाँ ऋण लिएको छ। जसमध्ये अधिकतम ८४.७९ प्रतिशत अर्थात् १ खर्ब ११ अर्ब ३१ करोड रुपैयाँ आन्तरिक ऋण उठाएको छ। बाँकी १९ अर्ब ९७ करोड २ लाख रुपैयाँ बाह्य ऋण उठाएको ऋण व्यवस्थापन कार्यालयले जनाएको छ। योसहित मंसिर मसान्तसम्मको सार्वजनिक ऋणको आकार २३ अर्ब ७१ अर्ब २५ करोड रुपैयाँ पुगेको हो।

तथापि, वैदेशिक ऋणतर्फ चालु आर्थिक वर्षको विनिमय दरको प्रभावलाई गणना नगरिएको ऋण व्यवस्थापन कार्यालयले जनाएको छ। अघिल्लो आर्थिक वर्षको असार मसान्तसम्म सार्वजनिक ऋण कूल २२ खर्ब ९९ अर्ब ३५ करोड २५ लाख रुपैयाँ रहेको थियो।

# महानगरपालिकाले हटायो स्वयंसेवक शिक्षक

वीरगञ्ज, ४ पुस पर्साको वीरगञ्ज महानगरपालिकाले यही पुस १ गतेदेखि लागू हुने गरी स्वयंसेवक शिक्षकलाई सेवाबाट हटाएको छ। महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईका अनुसार महानगरपालिका क्षेत्रभित्रका सम्पूर्ण सामुदायिक विद्यालयमा कार्यरत सबै स्वयंसेवक शिक्षकलाई हटाइएको जानकारी दिए। नगर शिक्षा समितिको मंगलबार बसेको बैठकले सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण स्वयंसेवक शिक्षकलाई हटाउने निर्णय गरेको थियो। महानगरपालिकाले गत साउन १ गतेदेखि आधारभूत तह र माध्यमिक तहमा एक सय ५७ स्वयंसेवक शिक्षक राखेको थियो।

भौतिक दुरी कायम गरी कोरोना महामारीबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

# ज्याकेट लगाएको भन्दै 'प्रिन्सिपल'द्वारा विद्यार्थीमाथि कुटपिट

लक्ष्मण पौडेल

भैरहवा, ४ पुस। विद्यालय पोसाकको बाहिरपट्टीबाट ज्याकेट लगाएर आएका एक विद्यार्थीलाई प्रिन्सिपलले निर्घात कुटपिट गरेका छन्। रुपन्देहीको रोहिणी गाउँपालिका-७ मा रहेको मोडेल गोल्डेन फ्यूचर इङ्गलिस स्कुलका प्रिन्सिपल शम्भु यादवले कक्षा ८ मा अध्ययनरत विद्यार्थीलाई आकाश गुप्तालाई कुटपिट गर्नुभएको हो। चिसो मौसम भएकाले विद्यार्थी गुप्ताले विद्यालयले तोकेको भन्दा फरक ज्याकेट लगाउनुभएको थियो। विद्यालयमा ज्याकेट खोल भनेर दबाब दिएका प्रिन्सिपलले विद्यार्थी गुप्ताले नमानेपछि कुटपिट गरेको आफन्तको दाबी छ। घटना पुस १ गतेको हो। पीडित विद्यार्थी गुप्ताले भने, "जाडो छ सर ज्याकेट नखोले हुँदैन भनेर भनेको त प्रिन्सिपल सरले मलाई मुक्का हाने।

उनका अनुसार विद्यालयमा रहेको कलमा पानी खाइरहेको अवस्थामा प्रिन्सिपल यादवले आएर आउटड्रेस किन लगाएको भन्दै सोधेर एक्कासि कुटपिट गरेको थियो। गुप्ताले भने, "मैले अरू साथीले पनि ज्याकेट लगाएका छन्, भोलिदेखि अरू कपडा लगाउँछु सर भनेको थिएँ तर मलाई एकाएक हातपात गर्नुभयो।'

गुप्ताको आँखा, कान, छाती, हातको औंला लगायतमा चोटपटक लागेको छ। विद्यालय पोसाक पनि च्यातिएको छ। आकाशका ठुलो बुवा अर्जुनप्रसाद गुप्ताले पटक-पटक प्रिन्सिपल यादवले आकाशलाई कुटपिट गर्दै आएको बताउनुभयो। उनले पटक-पटक कुटपिट गरेपछि आफूहरू कानुनी उपचारमा जाने बताए। उनले भने, "गाउँपालिकाको शिक्षा शाखामा उजुरी दिएका छौँ, प्रहरीकोमा पनि उजुरी दिन्छौँ।' गाउँपालिकाका शिक्षा शाखा प्रमुख मधुप्रसाद घिमिरेले विद्यार्थीमाथि कुटपिट भएकाबारे उजुरी आएको बताए। उनले यस विषयमा प्रिन्सिपललाई स्पष्टीकरण सोधेको जानकारी दिए। उनले स्पष्टीकरण आएपछि कारबाही प्रक्रिया अघि बढ्ने बताए।

स्कुलका प्रिन्सिपल यादवले आउट ड्रेस लगाएर आएपछि सोधपुछ गर्ने क्रममा आफूमाथि हातपात गरेपछि धकेल्दा चोट लागेको बताए। 'मैले विद्यार्थीलाई कुटपिट गर्ने कुरा हुँदैन, ममाथि जाइलागेपछि धकेल्ने क्रममा मेरो हातको घडीले छाला कोतारिएको हो", उनले भने, "अन्यथा अरू केही भएको छैन।'

बालबालिकाले आफै मोबाईल चलाउँदैनन्। अभिभावकले अत्याधिक मोबाईल प्रयोग गर्दा उनीहरुले पनि देखेर सिक्छन् र लत बस्छ।


**सूचना ! सूचना !! सूचना !!!**

**श्री यो जो संग सम्बन्ध राख्दछ।**

प्रस्तुत सम्बन्धमा जिल्ला सिरहा न.पा. लहान वार्ड नं.-०७ बस्ने रेणु देवी खेतानले घर नक्सा पास गराउनका लागि लहान न.पा. वार्ड नं.-०१ मा पर्ने साविक गा.वि.स. सिंग्राही मटियर्वा वार्ड नं.-०३ कित्ता नं. ८१३०८ को क्षेत्रफल ४७०.४२ व.फी. मा पनि पर्खालको नक्सा पेश गरेको आवेदनमा सो सम्बन्धि लहान न.पा. कार्यालयबाट १५ दिने सार्वजानिक सुचना प्रकाशित भई सूचना टाँस मुचुल्का समेत भई उक्त म्याद भित्र कही कतैबाट उजुरदावी नपरी सो पछि प्राविधिक टोलीले मिति २०८० साल असोज महिनामा स्थलगत सर्जमिन नापजाँच मुचुल्का गर्दा तपाई दक्षिण तर्फको कित्ता नं. ८११३१ को जग्गा बाला उपस्थित नभएको खण्डमा यो पत्राचार गर्ने कार्य भएको हो। तसर्थ, तपाईको कित्ता नं. ८११३१ को सरोकारवाला जग्गाधनी वा सम्बन्धित प्रतिनिधि यो सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र उपस्थित भई रेणु खेतानको पक्कि पर्खालको नक्सा पास सम्बन्धि सर्जमिन मुचुल्कामा सही छाप गरि दिन हुन अनुरोध गरिन्छ। उक्त म्याद भिव उपस्थित नभएको खण्डमा निजको पकि पतलिको नक्सा पास भई जाने तत्पश्चात तपाईको कुनै किसिमको उजुरवावी नलाग्ने व्यहोरा यसै सुचना द्वारा जानकारी गराईन्छ।


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)